मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
बिराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

# विज्ञप्ति

भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवन लगायतका जिल्लामा भएको ठूलो जनधनको क्षतिप्रति म अत्यन्त दुःखित भएको छु। यस दुःखद् घडीमा ज्यान गुमाउनेहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु। साथै, घाइते तथा प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

यस विपद्को कठिन समयमा सबै पक्ष एकताबद्ध भई प्रभावकारी रूपमा उद्धार, राहत तथा पुनर्स्थापनाको कार्यमा जुट्न म हार्दिक अपिल गर्दछु। विपद्मा परेका नागरिकको जीवनरक्षा र राहतका लागि आवश्यक सहयोग तथा सहकार्य गर्न कोशी प्रदेश सरकार सदैव तयार रहेको जानकारी गराउन चाहन्छु।

अन्य प्रदेश तथा स्थानीय तहमा आइपर्ने विपद्मा समेत सहयोग र सहकार्य गर्दै आएको कोशी प्रदेश सरकार आगामी दिनमा पनि आवश्यकताअनुसार सक्दो सहयोग गर्न प्रतिबद्ध छ।

बाढी, पहिरो तथा डुबानको जोखिमलाई ध्यानमा राख्दै कोशी प्रदेशका नदी तथा खोला किनार, जोखिमयुक्त क्षेत्र र तटीय बस्तीमा बसोबास गर्ने नागरिकहरूलाई समेत उच्च सतर्कता अपनाउन आग्रह गर्दछु। विपद्को जोखिम देखिएमा समयमै सुरक्षित स्थानमा स्थानान्तरण हुन तथा स्थानीय प्रशासन र सुरक्षा निकायले जारी गरेका सूचना र निर्देशनको पालना गर्न सबैमा अनुरोध गर्दछु।

यस कठिन र दुःखद् परिस्थितिमा एक अर्काको साथ, सहयोग र सहकार्य गर्दै विपद्को सामना गर्न सम्पूर्ण नागरिकमा हार्दिक अपिल गर्दछु।

१० भाद्र २०८३

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश
मुख्यमन्त्री

फोन नं. +९७७-०२१-४७५१६६
ईमेलः- info.ocmcm@p1.gov.np